परिच्छेद

१

# सन् २००९ को मानवअधिकार स्थिति : समग्र मूल्याङ्कन

तीन वर्षअघि सुरु भएको शान्ति प्रक्रिया सन् २००९ को अन्त्यसम्म आइपुग्दा समेत सार्थक टुङ्गोमा पुग्न सकेन। नेपालको मानवअधिकारको अवस्था सन् २००९ मा पनि मिश्रित रहयो, जसलाई सन्तोषजनक मान्न सकिने अवस्था देखिएन। मानवअधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को मूल्य, मान्यता तथा त्यसमा अन्तरनिहित मर्मप्रति सम्मान जनाउने प्रतिबद्धतासमेत प्रकट गरेर विस्तृत शान्ति सम्झौता भएको थियो। सम्झौताकै पक्षधरहरूका कारणले गर्दा मानवअधिकार अवस्था यस वर्ष पनि सन्तोषप्रद हुन नसकेको घटनाक्रमहरूले देखाए।

नयाँ नेपाल निर्माणका लागि आवश्यक ठहर्‍याइएको राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरण तथा वर्गीय, जातीय, भाषिक, लैङ्गिक तथा सांस्कृतिक भेदभावको अन्त्य गर्ने प्रतिबद्धताहरू विस्तारै कार्यसूचीमा मात्र सीमित हुन पुगेको अनुभूत भयो।

यस वर्ष पनि देशका विभिन्न भागमा हत्या, अपहरण, धम्की, चन्दा असुली, सम्पत्ति कब्जाजस्ता कार्यहरू रोकिएनन्। मानवअधिकारविरोधी यस्ता कार्यहरू रोक्न तथा दोषीलाई कानुनको दायरामा ल्याएर कारबाही गर्न सरकार सक्षम देखिएन। राजनीतिक प्रभावका आधारमा कानुन आफ्नो हातमा लिनु सामान्य हुँदै गयो। राजनीतिक आवरणमा हुने आपराधिक कार्यमा संलग्न व्यक्तिहरूले उन्मुक्ति पाए। फलत: विधिको शासन कमजोर हुन पुग्यो।

राजनीतिक स्वार्थ सिद्ध गर्नका लागि गम्भीर अपराधमा संलग्न अभियुक्तहरूको मुद्दा फिर्ता लिने सरकारको निर्णयबाट दण्डहीनतालाई प्रोत्साहन मिल्यो। यसप्रकारको निर्णय गर्दा स्वतन्त्र न्यायपालिकाका आदेश र निर्देशनको समेत सरकारले वास्ता गरेन। तराई-मधेसमा जारी हिंसात्मक क्रियाकलापबाट जनजीवन कष्टकर मात्र बनेन, आमजनताको शासन व्यवस्थाप्रति आस्था धर्मराउन थालेको प्रतीत हुन थाल्यो।

शान्ति सुरक्षाका नाममा सुरक्षाकर्मीबाट भएका गैरन्यायिक हत्याको छानबिनसमेत आरम्भ भएन। राष्ट्रप्रेम र जनताको आकाङ्क्षालाई समानुभूत नगरीकन राजनीतिक सम्झौतालाई प्राथमिकतामा राख्नु, शान्ति प्रक्रियालाई गति दिन नसक्नु, मानवअधिकारप्रति ओठे सम्मान गर्ने प्रवृत्ति र लोकतन्त्रको मूल्य एवम् मान्यतालाई अङ्गीकार गर्न नसकेका कारण नै यस्तो अवस्थाको सिर्जना हुन गयो।

**तालिका १**

**मानवअधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित**




## १. संविधान निर्माण प्रक्रियाका अवरोध

शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्‍याउनु नै संविधानसभा निर्वाचनपछि देशको प्रमुख कार्यसूची हो भनिँदै आएको भए पनि सन् २००९ को अन्त्यसम्मै राजनीतिक गतिरोधको अन्त्य भएन। शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्‍याउन सम्पन्न गरिनुपर्ने तीनओटा प्रमुख कार्यभार (क) संविधान निर्माण, (ख) माओवादी लडाकूको पुन:स्थापना तथा समायोजन र (ग) सङ्क्रमणकालीन न्यायको व्यवस्था गर्न दलहरू सफल भएनन्। उल्लिखित तीनओटै विषयवस्तुमा विवाद र छलफल त व्यापक भयो तर परिणामजनक उपलब्धि भने अन्त्यसम्मै हासिल हुन सकेन।

विधिको शासनले दण्डहीनताको संस्कृतिलाई निरुत्साहित गर्दछ। तर, दण्डहीनताको संस्कृति अन्त्यका लागि विधिको शासन व्यवहारमा रूपान्तरित हुन सकेन। मानवअधिकारसँग सम्बद्ध प्रतिबद्धताप्रति सरकार र दलहरूको उपेक्षा राजनीतिक अस्थिरताको एउटा कारणका रूपमा देखा पर्‍यो। सशस्त्र द्वन्द्वको अन्त्य तथा शान्ति प्रक्रियालाई सार्थक निष्कर्षमा पुर्‍याउने आधार बोकेको विस्तृत शान्ति सम्झौताको आडमा संविधानसभामार्फत ठूलो दलका रूपमा निर्वाचित एकीकृत माओवादीले संसद्‌लाई अनिर्णयको बन्दी बनाएकाले देशका तमाम मुद्दाहरू थाती रहे।

एकीकृत माओवादीले नागरिक सर्वोच्चताका नाममा गरेको आन्दोलन, संसद्‌को अवरोध, अन्य दलका समर्थकसमेतलाई धम्की दिने तथा कुटपिट गर्ने, चन्दा सङ्कलन गर्ने, सम्पत्ति कब्जा गर्ने, सुकुमवासीका नाममा वन क्षेत्र कब्जा गर्नेलगायतका घटनाले गर्दा सरोकारवालाको ध्यान संविधान निर्माणबाट विकेन्द्रित हुनु स्वाभाविक थियो। भावी संविधानको विषयमा राष्ट्रव्यापी संवादमा रुचि लिन सकिने वातावरण सिर्जना हुन सकेन। सङ्घीयताजस्तो गम्भीर विषयमा जसरी बहस, संवाद र सहमतिमा पुग्नुपर्ने थियो, त्यसप्रति अपेक्षित ध्यान दिइएको पाइएन।

अवस्था कस्तोसम्म रह्यो भने तराई-मधेसको एउटै भूगोल थारुवान र मधेसी दुवैलाई एकलौटी दिने सहमति र सम्झौतासमेत भयो। माओवादी लडाकूको सेनामा एकमुष्ट समायोजनको खाका बनाएर एकीकृत माओवादी बस्यो भने त्यसका विरोधमा अन्य दलहरूले उसका मान्यतालाई स्वीकार गरेनन्।

पछिल्लो समयमा आएर एकीकृत माओवादी संविधान निर्माणपूर्व आफ्ना लडाकू समायोजन नगर्ने पक्षमा देखियो भने माओवादी लडाकू समायोजन नभई संविधान निर्माण गर्न नहुने र नसकिने दृष्टिकोण अन्य दलहरूले अगाडि ल्याए। दलहरूबीचको असमझदारी राजनीतिक अस्थिरताको प्रमुख कारक बन्यो। परिणामतः संविधान निर्माण प्रक्रियामा व्यवधान त उत्पन्न भयो नै, निर्धारित समयमा संविधान बन्ने कुरामा पनि अनिश्चितता देखियो।

## २. न्यायपालिकाको स्वतन्त्रतामाथि चुनौती

यस वर्ष मानवअधिकार संरक्षणतर्फ र कानुन एवम् व्यवस्था सुधारतर्फ सर्वोच्च अदालतबाट केही महत्त्वपूर्ण निर्णयहरू भए। गैरकानुनी रूपमा गिरफ्तार गरी बेपत्ता पारिएका दुई नागरिकको अवस्था सार्वजनिक गरी नागरिकको जीवन र स्वतन्त्रताको रक्षा गर्ने सवालमा सर्वोच्च अदालतबाट महत्त्वपूर्ण कार्य भयो। बन्दी प्रत्यक्षीकरणको निवेदनद्वारा भएको यो हस्तक्षेपले न्यायालयलाई नागरिकको मौलिक हकको संरक्षकका रूपमा पुनःपुष्टि गऱ्यो।

तर, कार्यकारी र व्यवस्थापिकाले आफ्नो प्रभाव न्यायालयमाथि बढाउन खोजेको देखियो। न्यायालयमाथि कार्यकारीले प्रभाव बढाउँदै गएको विषयमा सर्वोच्च अदालतले आफ्नो वार्षिक प्रतिवेदनमा नै उल्लेख गरेर आफ्नो स्वतन्त्र अस्तित्वमाथि चुनौती अस्वीकार गर्न खोजेको देखियो।

यस वर्ष नागरिकसँग प्रत्यक्ष रूपमा सरोकार रहने कैयौँ सार्वजनिक सरोकारका साथै मानवअधिकार हननका विषयमा सर्वोच्च अदालतसहित देशभरका अदालतमा सयौँ विवादहरू प्रवेश गरे। नेपाली सेना र माओवादी लडाकू भर्ना प्रक्रिया सम्बन्धमा सर्वोच्च अदालतमा परेको रिट निवेदनले अदालतप्रति व्यापक

**तालिका २**

**सन् २००९ मा राज्य तथा गैरराज्य पक्षबाट भएका हत्याको सङ्ख्या**



रूपमा जनचासो बढेको पाइयो।

गम्भीर प्रकृतिका राजनीतिक विवाद समावेश भएका संवैधानिक प्रश्नहरूको निराकरण गर्न सर्वोच्चबाट भएको ढिलाइले न्यायालय सार्वजनिक आलोचनाबाट मुक्त रहन सकेन। न्यायालयमा व्याप्त ढिलासुस्ती, प्रशासनिक अनियमितता र मुद्दाका पक्षहरूको गुनासाको उचित सम्बोधन हुन सकेन। साथै, ती गुनासाहरूको न्यायालयबाट प्रभावकारी निराकरण हुने आशा गरिए पनि त्यो अपेक्षा यस वर्ष पूरा हुन सकेन।

स्वतन्त्र न्यायपालिका र शक्ति पृथकीकरणका लोकतान्त्रिक मान्यतालाई अस्वीकार गर्दै संसद्नियन्त्रित न्यायपालिकाको अवधारणा संविधानसभाको सम्बन्धित समितिको आधिकारिक मस्यौदा बन्न पुग्यो। लोकतान्त्रिक मान्यताविपरीत संसद्को नियन्त्रणमा रहने प्रावधानयुक्त उक्त मस्यौदा स्वतन्त्र न्यायपालिकाका लागि चुनौतीको विषय पनि बन्यो।

## ३. अन्योल र अकर्मण्यतामा बाँधिएको सरकार

नीति तथा कार्यक्रममार्फत सरकारले मानवअधिकारको सम्बर्द्धन र संरक्षणको कामलाई प्रभावकारी बनाउने र सैन्य तालिममा मानवअधिकार शिक्षालाई अनिवार्य गरिने उल्लेख गरेर मानवअधिकारप्रति सम्मान प्रकट गऱ्यो। वर्षको अन्त्यतिर सरकारले लिङ्गमा आधारित हिंसालाई अन्त्य गर्नका लागि सन् २०१० लाई लैङ्गिक हिंसाविरुद्धको अभियानका रूपमा सुरु गर्ने घोषणा गऱ्यो।

यीबाहेक अयोग्य लडाकूलाई क्यान्टोनमेन्टबाट बिदा गर्ने निर्णय, माओवादी लडाकू समायोजन विशेष समिति अन्तर्गतको प्राविधिक समिति र लडाकूका लागि आचारसंहिता निर्माण एवम् सामाजिक सुरक्षाका केही नयाँ नीति अघि सारेर सरकारले शान्ति प्रक्रियालाई गति दिने प्रयास गऱ्यो। तर, उपलब्धिका हिसाबले ती प्रयास पर्याप्त देखिएनन्।

दण्डहीनताको संस्कृति निराकरण गर्ने, शान्ति सुरक्षाको प्रत्याभूति र मानवअधिकारको निर्बाध उपयोग गर्ने वातावरण सिर्जना गराउन सरकार असफल रह्यो। अझ हत्या, हिंसा, बन्द, कुटपिटजस्ता कार्यमा राजनीतिक दलहरूको समेत प्रत्यक्ष संलग्नता देखियो। आफूले सरकारको नेतृत्व गर्दा एकीकृत माओवादी राज्य संयन्त्रमा एकल पकडको प्रयासमा लागेको देखियो भने एमाले नेतृत्वको सरकार प्रतिपक्षीको बन्द र विरोधको सामना गर्दै सहमतिको जोहो गर्नमै व्यस्त रह्यो।

एकीकृत माओवादी, नेकपा एमाले र नेपाली काङ्ग्रेसका भ्रातृसङ्गठनका ज्यादती आपसी कुटपिटमा मात्र सीमित रहेनन्, हत्याजस्तो जघन्य अपराधमा समेत तिनको संलग्नता देखियो। यस वर्ष एकीकृत माओवादी र उसका भ्रातृसङ्गठनहरूद्वारा तीन जना मारिए, ६ सय ७ जनालाई कुटपिट गरियो भने ६२ जना अपहरित भए। त्यस्तै, एमाले तथा उसका भ्रातृसङ्गठनहरूद्वारा एक जनाको हत्या भयो भने १ सय ८ जना कुटपिटको सिकार भए।

यस वर्ष पनि विस्तृत शान्ति सम्झौता तथा अन्तरिम संविधानको मर्म तथा भावना अनुरूप गठन

**तालिका ३** **बलात्कार तथा यौन दुर्व्यवहारबाट पीडित बालबालिकाको सङ्ख्या**



हुनुपर्ने बेपत्ता छानबिन आयोग, सत्य निरूपण तथा मेलमिलाप आयोगजस्ता संयन्त्रहरू निर्माण गरिएनन्। नेपाल पक्षराष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धिहरूले सिर्जना गरेका दायित्यहरू पूरा गर्न तथा अन्य महत्त्वपूर्ण अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूको पक्षराष्ट्र बन्न चालिनुपर्ने कदमहरूले गति पाउन सकेनन्। तीन वर्षअघि संसद्ले सङ्कल्प प्रस्ताव पारित गरी रोम विधान अनुमोदन गर्न सरकारलाई दिएको निर्देशन यो वर्ष पनि पालना भएन।

समूहगत, क्षेत्रीय र पेसागत स्वार्थ समूहहरूका मागहरूप्रति पहिले वास्ता नगर्ने र तिनले शान्ति व्यवस्थामा खलल पुऱ्याउने अवस्था सिर्जना गरे भने तत्कालीन रूपमा समाधान गर्ने हेतुले मात्र सहमति गरिहाल्ने फितलो चरित्र दुवै सरकारले प्रदर्शन गरे। तर, गम्भीरतापूर्वक सहमतिको पालना गर्ने कदम भने अघि बढाएनन्।

### ४. अपव्याख्याको आघातमा व्यवस्थापिका

नागरिक सर्वोच्चता कायम गर्नका लागि नागरिकहरूले नै मत दिएर पठाएका प्रतिनिधिहरूको साझा थलो संसद् हो। त्यहीं जननिर्वाचित प्रतिनिधिले जनताका समस्याको उठान गर्ने गर्छन् र त्यहीँबाट समस्या समाधान गर्ने बाटो पहिल्याउँछन्। यस वर्ष संसद् नौ महिनासम्म अवरुद्ध भयो, त्यो पनि नागरिक सर्वोच्चता कायम गर्ने नाममा। यो विडम्बनाबाट मुलुकको अर्थतन्त्रदेखि लिएर विधायिकी प्रक्रियासमेतमा प्रतिकूल असर पऱ्यो।

समयमै बजेट पास नभएका कारण कर्मचारी मात्र होइन, क्यान्टोनमेन्टमा राखिएका माओवादी लडाकूको भरणपोषणमा समेत असर पऱ्यो । ६२ प्रतिशत सांसद्को समर्थनमा गठित सरकारलाई अल्पमतको सरकारका रूपमा परिभाषित गर्ने जिद्दी माओवादीले गरिरह्यो। संसद् अवरुद्ध भएका कारण सङ्क्रमणकालीन न्याय प्रदान गर्ने कैयन् संयन्त्र निर्माणसम्बन्धी कानुन तर्जुमा हुन सकेनन्।

संविधानसभाका विभिन्न समितिहरूमध्ये संवैधानिक समिति, राज्यको शासकीय स्वरूप निर्धारण समिति र राज्य पुन:संरचना तथा राज्यको शक्ति बाँडफाँट समितिले मस्यौदालाई अन्तिम रूप दिन सकेनन्। गएको वर्ष पारित पहिलो कार्यतालिका अनुसार गत जेठ महिनामा सबै समितिका प्रारम्भिक मस्यौदाहरू तयार भई छलफल भइसक्नुपर्ने थियो।

कब्जा गरिएको सम्पत्ति फिर्ता पाउनुपर्ने माग राख्दै हिउँदे अधिवेशनका सुरुका दिनमा काङ्ग्रेसले गरेको अवरोधका कारण व्यवस्थापिका संसद् लामो समयसम्म अवरूद्ध भयो। बुटवलमा मारिएका युथफोर्सका नेता प्रचण्डमान थैवका हत्यारालाई गिरफ्तार गरिनुपर्ने माग राखी एमालेले पनि संसद् अवरुद्ध गऱ्यो ।

मधेसका मुद्दालाई ख्याल नगरिएको भन्दै मधेसवादी दलहरू तथा अन्य विभिन्न साना दलहरूद्वारा भिन्न-भिन्न मुद्दा तथा विषयमा संसद् अवरूद्ध गर्ने कार्य यस वर्ष निरन्तर जारी रह्यो। राजनीतिक गतिरोधले छिट्टै निकास पाउँछ भन्ने राजनीतिक दलका शीर्ष नेताहरूका अभिव्यक्ति वर्षको अन्त्यसम्मै साकार हुन सकेन।

**तालिका ४** **विशेष सुरक्षा योजना लागू भएका तराईका १५ जिल्लामा हत्याको सङ्ख्या**



## ५. शान्तिपूर्ण जीवनका प्रतिकूलता

मुलुकको शान्ति सुरक्षामा यस वर्ष पनि आशा अनुरूप सुधार हुन सकेन। यस वर्ष शासन गर्ने दुवै सरकारले विशेष सुरक्षा नीति अवलम्बन गरे। वर्षका सुरुका पाँच महिना माओवादी नेतृत्वको सरकार रह्यो भने त्यसपछि एमाले नेतृत्वको सरकार बन्यो। माओवादी नेतृत्वको सरकारका पाँच महिनामा १ सय ९१ व्यक्तिको हत्या भयो भने एमाले नेतृत्वको सरकारको सात महिनामा २ सय ८१ जनाले ज्यान गुमाएको विवरण सार्वजनिक भयो। समग्र एक वर्षको अवधिमा २ सय ८२ जना अपहरित भए भने एमाले नेतृत्वको सरकारका पालामा १ सय ३२ तथा एकीकृत माओवादी नेतृत्वको सरकारका समयमा १ सय ४९ जना अपहरणको सिकार बने।

**तालिका ५**

**सन् २००९ मा सम्पत्ति कब्जाका पीडित सङ्ख्या**

| पीडक | पुरुष | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|
| राज्य | ६ | १ | | ७ |
| एकीकृत माओवादी | ६६ | ४ | ४ | ७४ |
| वाईसीएल | २ | | | २ |
| अनेरास्ववियु (क्रान्तिकारी) | २ | | २ | ४ |
| नेपाली काङ्ग्रेस | १ | | | १ |
| युथफोर्स | १ | | | १ |
| सङ्घीय लिम्बूवान राज्य परिषद् | १ | १ | १ | ३ |
| नेकपा (माओवादी) | १३ | | ५ | १८ |
| मधेस राष्ट्र जनतान्तिक पार्टी (क्रा.) | ४ | | | ४ |
| मधेसी जनअधिकार फोरम | | | १ | १ |
| मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद् | १ | १ | | २ |
| जतमुमो (प्रतीक समूह) | | | १ | १ |
| तराई मधेस लोकतान्त्रिक पार्टी | १ | | | १ |
| थरूहट स्वायत्त प्रदेश | २ | | | २ |
| थरूहट संयुक्त सङ्घर्ष समिति | ३ | | | ३ |
| अज्ञात | ७ | | | ७ |
| अन्य | ५ | १ | १ | ७ |
| **जम्मा** | ११५ | ८ | १५ | १३८ |

## ५.१. हिंसात्मक अभ्यासमा तराई-मधेस

यस वर्ष पनि तराई-मधेसका सशस्त्र समूहका गतिविधिका कारण तराईको मानवअधिकार अवस्थामा विगतको तुलनामा सुधार हुन सकेन। तत्कालीन नेकपा माओवादीबाट अलग्गिएर जयकृष्ण गोइतले गठन गरेको जनतान्त्रिक तराई मुक्ति मोर्चा र त्यसपछि दिनानुदिन बढ्दै गएका विभिन्न समूहबाट तराईमा हिंसा व्याप्त हुँदै आयो। यस वर्ष तराईका १५ जिल्लामा मात्रै २ सय ४० जना मारिए, जसमध्ये राज्यपक्षबाट २७ जना, तराईका सशस्त्र समूहहरूबाट २२ जना, अज्ञात समूहबाट ८९ जना, वाईसीएलबाट एक जना र अन्यबाट १ सय १ जना मारिएका थिए *(हेर्नुहोस् तालिका ७)*।

सुरक्षाका दृष्टिले हेर्ने हो भने सबैभन्दा बढी असुरक्षित जिल्ला धनुषा देखियो, जहाँ यस अवधिमा ३९ जना मारिए । सबैभन्दा कम पाँच जना नवलपरासीमा मारिए। तराईका १५ तथा पहाडका सात गरी २२ जिल्लामा साउन/भदौ महिनादेखि लागू भएको विशेष सुरक्षा योजनाका कारण हत्या, हिंसा र अपहरणका घटनामा कमी आएको बताइयो । तर, इन्सेकको अभिलेखमा सिराहा, सप्तरी र धनुषा जिल्लामा प्रहरीसँगको मुठभेडमा मारिएका भनिएका सशस्त्र समूहका केही कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरी हत्या गरेको तथ्य अभिलेख छ।

*धनुषाधाम गाविस-४ का २६ वर्षीय उद्गार मण्डल र १९ वर्षीय घुरन साह हलुवाईलाई अपहरणमा संलग्न भएको आरोपमा ०६६ जेठ १० गते प्रहरीले महोत्तरी जिल्लाको महदैया गाविसबाट गिरफ्तार गरी कुर्था गाविस-२ मा पु¥याई गोली हानी हत्या ग¥यो। कनकपट्टी गाविसका रामविलास साहलाई अपहरणमुक्त गराउन अपहरणकारीलाई पछ्याउँदै गएको प्रहरी टोलीलाई सो समूहले गोली प्रहार गरेपछि प्रतिकारमा*

*गोली चलाउँदा उनीहरूको जनकपुर नपा-१३ मा मृत्यु भएको प्रहरीले जनायो। पोस्टमार्टमपछि मृतकद्वयको लास आफन्तले बुझी सद्गत गरे।*

यस वर्ष पनि राज्य, एकीकृत माओवादी, वाईसीएल, युथफोर्स, तरुण दल, अनेरास्ववियु (क्रान्तिकारी), नेविसङ्घ, अनेरास्ववियु आदिद्वारा भएका कुटपिटका घटनाहरू सार्वजनिक भए। यस्ता घटनाहरूबाट १ हजार ३ सय २७ जना पीडित भए, जसमा १ हजार १ यस १२ पुरुष तथा १ सय ६३ महिला थिए।

कुटपिटका घटनामा एकीकृत माओवादी र उसका भ्रातृसङ्गठनका कार्यकर्ताको संलग्नता सबैभन्दा बढी देखियो भने एमाले, काङ्ग्रेस तथा उनीहरूका भ्रातृसङ्गठनका कार्यकर्ताहरू पनि यस मामिलामा कम देखिएनन्। यसैगरी, यस वर्ष धम्कीका विभिन्न घटनाका कारण ६ सय ३६ जना पीडित भए।

त्यस्ता घटनामा राज्य तथा विभिन्न राजनीतिक दल, तिनका भ्रातृसङ्गठन, विभिन्न जातीय सङ्गठन अनि विभिन्न सशस्त्र समूहकै उपस्थिति अधिक रहेको पाइयो। घटनामा संलग्न आरोपितहरू राजनीतिक रूपमा संरक्षित भएकाले कानुनी दायरामा आएनन्।

### ५.२. नेतृत्व तहबाटै हिंसाको संरक्षण

लोकतान्त्रिक रूपान्तरणप्रति प्रतिबद्धता जनाउँदै निर्वाचनकै माध्यमबाट सरकारको नेतृत्व गर्ने अवसर पाएका तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले एक सार्वजनिक कार्यक्रममा 'यथास्थितिवादीहरूले सरकार ढाले जनविद्रोहबाट सत्ता कब्जा गर्छौं' भन्ने सार्वजनिक अभिव्यक्ति दिँदा भगीरथ प्रयत्नबाट प्राप्त संविधानसभा अनि लोकतन्त्र तथा बहुलवाद अतिक्रमित भएको आभास भयो।

**तालिका ६** **अपहरणबाट पीडितको सङ्ख्या**



राजनीतिक असहिष्णुता र अहम्‌का कारण भएका यस्ता घटनाहरूबाट आमजनतामा पर्ने नकारात्मक प्रभावबारे दलको नेतृत्व पक्ष चिन्तित देखिनुको साटो उल्टै प्रोत्साहित गर्न अभिप्रेरित भएको पनि पाइयो। फरक विचार र अरू दलको अस्तित्व अस्वीकार गर्ने वा समाप्त गर्ने दर्शनद्वारा निर्देशित यस्ता घटनाका दोषीलाई भने कुनै कारबाही भएन। बहुदलीय प्रतिस्पर्धा, बहुलवाद र मानवअधिकारप्रति आफ्नो प्रतिबद्धता जाहेर गर्ने तर आफ्ना कार्यकर्तालाई कानुनको दायरामा राख्ने कुराबाट दलहरू विमुख नै देखिए।

*लमजुङ जिल्ला बेसीसहर गाविस-२ निवासी युथफोर्सका जिल्ला सहसंयोजक गोविन्द बस्नेत र सदस्य वासु बराललाई ०६५ फागुन २७ गते फागू पूर्णिमा मनाउन भोटेओडार गएका बेला वाईसीएल कार्यकर्ताले सोही गाविसको सिउँडीबारमा रड र खुकुरी प्रहार गरी घाइते बनाए। पीडितविरुद्ध ज्यानमार्ने उद्योगअन्तर्गत ०६५ फागुन २८ गते प्रहरीमा मुद्दा दायर भयो। आरोपितहरूलाई यस वर्षको अन्त्यसम्म पनि कुनै कारबाही भएन।*

*सोही जिल्लाका अखिल नेपाल शिक्षक सङ्गठनका जिल्ला उपाध्यक्ष हरि दनाइ, अखिल नेपाल ट्रेड युनियन महासङ्घका जिल्ला अध्यक्ष शम्भु श्रेष्ठ, व्यापारी वासु पन्त, नेपाल पत्रकार महासङ्घ जिल्ला शाखाका सहसचिव नवीनराज कुईंकेल र क्रान्तिकारी पत्रकार सङ्घका जिल्ला अध्यक्ष वासु थापालाई ०६५ फागुन २७ गते बेसीसहर बजारमा युथफोर्सका कार्यकर्ताले कुटपिट गरे। घटनामा संलग्न भएको आरोपमा युथफोर्सका जिल्ला सहसंयोजक गोविन्द बस्नेत र सदस्य वासु बरालविरुद्ध ०६५ फागुन २८ गते मुद्दा दायर गरिएको भए पनि आरोपितहरूलाई यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।*

*जिल्ला विकास समिति महोत्तरीका लेखापाल लक्ष्मण राय र नासु विनोद झालाई ०६६ असार ३० गते काममा ढिलाइ गरेको*

**तालिका ७**

**तराईका १५ जिल्लामा भएको हत्याको सङ्ख्या**

| जिल्ला | राज्य | गैरराज्य | जम्मा |
|---|---|---|---|
| झापा | १ | १५ | १६ |
| मोरङ | | १३ | १३ |
| सुनसरी | | १२ | १२ |
| सप्तरी | ५ | १६ | २१ |
| सिराहा | २ | २० | २२ |
| धनुषा | ६ | ३३ | ३९ |
| महोत्तरी | | १६ | १६ |
| सर्लाही | | १५ | १५ |
| रौतहट | | १८ | १८ |
| बारा | १ | १५ | १६ |
| पर्सा | ६ | १० | १६ |
| नवलपरासी | | ५ | ५ |
| रुपन्देही | ४ | ५ | ९ |
| कपिलवस्तु | | ७ | ७ |
| बाँके | २ | १३ | १५ |
| जम्मा | २७ | २१३ | २४० |

**तालिका ८** **महिला अधिकार उल्लङ्घनबाट पीडितको सङ्ख्या**



*आरोपमा तमलोपाका जिल्ला नेताहरू तथा जिल्ला विकास समितिका वरिष्ठ सदस्य इन्द्रराजप्रसाद सिंह, जिल्ला सदस्यहरू सरोजकुमार सिंह, मनोज झा र राकेश शर्माले कुटपिट गरे। पीडकहरूउपर कुनै कारवाही भएन।*

यी त्यस्ता प्रतिनिधि घटना हुन्, जुन सन् २००९ मा मुलुका धेरैजसो जिल्लामा भए तर दोषीहरूलाई कुनै कारवाही भएन।

### ५.३. सम्पत्ति कब्जा गर्ने क्रम जारी

सशस्त्र द्वन्द्वका क्रममा सुरु भएको सम्पत्ति कब्जा गर्ने रणनीति विभिन्न सशस्त्र समूहले अपनाए। कब्जा गरिएका सम्पत्ति ६० दिनभित्र फिर्ता गरिने भनेर विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएको भए पनि त्यो प्रतिबद्धता माओवादीले पूरा गरेन, न त सरकारले नै यसप्रति ध्यान दियो। यस वर्ष मात्रै माओवादी र उसका भ्रातृसङ्गठनद्वारा सम्पत्ति कब्जा गरिएका ८० जना पीडित भएको अभिलेख छ। यसबाहेक तराई तथा पूर्वी पहाडका जातीय तथा सशस्त्र समूहले पनि सम्पत्ति कब्जाका क्रियाकलाप जारी राखे। धनुषा जिल्लामा एउटै जग्गा विभिन्न समूहले कब्जा गरे।

*मातृकाप्रसाद यादव संयोजक रहेको नेकपा (माओवादी) ले धनुषा जिल्लामा विभिन्न व्यक्तिको करिब १ हजार ५ सय बिघा जग्गा कब्जा गरेको ०६६ असोज २६ गते पत्रकार सम्मेलन गरी सार्वजनिक गऱ्यो। कब्जा गरिएका जग्गा तीन कट्ठाका दरले भूमिहीन सुकुमवासी तथा गरिब किसानलाई वितरण गरिएको र अरू जग्गा पनि वितरण गरिने सेक्रेटरी यादवले बताए। कब्जा गरिएका जग्गा दसवर्षे माओवादी सशस्त्र द्वन्द्वको समयमा तत्कालीन माओवादीले र अखिल तराई मुक्ति मोर्चालगायतका समूहले कब्जा गरेका थिए।*

**तालिका ९** कुटपिटबाट पीडितको सङ्ख्या

| पीडक | पुरुष | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|
| राज्य | २१४ | २६ | ३ | २४३ |
| एकीकृत माओवादी | २५८ | २९ | ५ | २९२ |
| वाईसीएल | १८८ | १० | | १९८ |
| अनेरास्ववियु (क्रान्तिकारी) | ९४ | १९ | ४ | ११७ |
| एमाले | २४ | ३ | | २७ |
| युथफोर्स | ६१ | ३ | | ६४ |
| अनेरास्ववियु | ६ | | ११ | १७ |
| नेपाली काङ्ग्रेस | ११ | | | ११ |
| नेविसङ्घ | ११ | | | ११ |
| सङ्घीय लिम्बूवान राज्य परिषद् | १ | | | १ |
| नेकपा (माओवादी) | १ | | | १ |
| मधेसी जनअधिकार फोरम | ३ | | | ३ |
| मञ्चसम्बद्व सङ्घीय लिम्बूवान राज्य परिषद् | १ | १ | | २ |
| जनसंरक्षण पार्टी | १ | | | १ |
| जतमुमो (ज्वाला सिंह) | २ | | | २ |
| किराँत जनवादी वर्कस पार्टी | ३ | | | ३ |
| तराई मधेस लोकतान्त्रिक पार्टी | १ | | | १ |
| तरुण दल | ७ | | | ७ |
| थरूहट स्वायत्त प्रदेश | १ | १ | | २ |
| थरूहट स्वायत्त राज्य परिषद् | २ | | | २ |
| थरूहट संयुक्त सङ्घर्ष समिति | ७ | १ | | ८ |
| अज्ञात | ४० | ६ | | ४६ |
| अन्य | १७५ | ६४ | २९ | २६८ |
| जम्मा | १११२ | १६३ | ५२ | १३२७ |

### ५.४. प्रतिबद्धताहरूको अपरिपालना

विस्तृत शान्ति सम्झौतादेखि सन् २००९ को अन्त्यसम्म आइपुग्दा गरिएका प्रतिबद्धता र सहमतिहरूको सङ्ख्या सयौं नाघिसक्यो। तर, ती सम्झौताका परिणाम भने अत्यन्त न्यून रहे। बृहत् शान्ति सम्झौतालगायत विभिन्न समयमा भएका प्रतिबद्धताहरू हस्ताक्षरसँगै

## तालिका १० धम्कीबाट पीडितहरूको सङ्ख्या

| पीडक | पुरुष | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|
| राज्य | १६ | २ | | १८ |
| एकीकृत माओवादी | ८८ | ६ | १० | १०४ |
| वाईसीएल | ३६ | ३ | ३२ | ७१ |
| अनेरास्ववियु (क्रान्तिकारी) | ५ | | १३५ | १४० |
| नेपाली काङ्ग्रेस | १ | | | १ |
| युथफोर्स | २ | | | २ |
| राष्ट्रिय जनमोर्चा पार्टी | २ | | | २ |
| सङ्घीय लिम्बूवान राज्य परिषद् | २ | | | २ |
| बर्दिया ब्ल्याक कोब्रा संयुक्त मोर्चा | १ | | | १ |
| नेकपा (माओवादी) | १० | | ४४ | ५४ |
| मधेस मुक्ति टाइगर्स | १ | | | १ |
| मधेसी टाइगर | १ | | | १ |
| मधेसी भाइरस किलर्स पार्टी | १ | | | १ |
| मधेसी विद्यार्थी सङ्गठन | १ | १ | | २ |
| मञ्चसम्बद्ध सङ्घीय लिम्बूवान राज्य परिषद् | ८ | १ | २३ | ३२ |
| जनवादी हिलटाईगर | | | २४ | २४ |
| जतमुमो (राजन) | १ | | | १ |
| जतमुमो (ज्वाला सिंह) | २ | | | २ |
| अखिल तराई मुक्ति मोर्चा | ४ | | | ४ |
| पल्लो किराँत वर्कस पार्टी | | | १६ | १६ |
| लिम्बूवान र खुम्बूवान | १ | | | १ |
| किराँत जनवादी वर्कस पार्टी | २८ | १ | ४८ | ७७ |
| कोचिला लिबरेसन आर्म फोर्स | १ | | | १ |
| तराई आर्मी | १ | | | १ |
| तराई मुक्ति मोर्चा | १ | | | १ |
| तराई मधेस लोकतान्त्रिक पार्टी | ३ | | | ३ |
| तराई जनतान्त्रिक रिभोल्युसनरी | १ | | | १ |
| तरुण दल | १ | | | १ |
| थरुहट स्वायत्त प्रदेश | २ | | | २ |
| थरुहट संयुक्त सङ्घर्ष समिति | ५ | १ | | ६ |
| अज्ञात | १४ | ३ | | १७ |
| अन्य | २९ | १७ | | ४६ |
| **जम्मा** | २६९ | ३५ | ३३२ | ६३६ |

बिर्सिएको प्रतीत भयो। भाषिक, क्षेत्रगत, जातिगत एवम् अन्य सामूहिक हितसँग सम्बन्धित भएका विभिन्न वार्ता र समझदारी यथार्थमा परिणत भएनन्। यसबाट विश्वासको सङ्कट बढ्दै गयो।

सरकारले विभिन्न समयमा थारूवान, मधेसी, पिछडा वर्ग, मुस्लिम संयुक्त मोर्चालगायत तराईका विभिन्न समूहसँग गरेका सहमति पालना नभएका कारण समय-समयमा बन्द, विरोध र घुर्कीको सामना गरिरहनुपर्ने अवस्थामा कुनै परिवर्तन आएन।

### ५.५. हिंसात्मक हुँदै गएको नेपाली समाज

तत्कालीन माओवादीको दसौँ वर्षको 'सशस्त्र युद्ध' अनि तराई र पूर्वी पहाडमा आरम्भ भएका हिंसात्मक राजनीति हेर्दै आएका नेपालीका लागि नृशंस हत्या र हिंसा पनि सामान्य हुन थाले। धनुषा, महोत्तरी, सप्तरी, सुनसरी आदि जिल्लामा यस वर्ष १५ जना मानिसलाई जसरी मारियो, त्यसले मानवीय संवेदनाहीन र विक्षिप्त हुँदै गएको मानसिकताको परिचय दियो।

धनुषाबाट सुरु भएको अपहरण र त्यसपछिका नृशंस घटना विस्तारै पूर्वतिर फैलिँदै गए। सप्तरीको जोगिनिया गाविस-९ मा गाई चराइरहेका एक जना बालकलाई छोएको आरोपमा एक किशोर र एक वृद्धलाई स्थानीय बासिन्दाले निर्घात कुटपिट गरी जिउँदै जलाएर मारे। अपहरणकारीको आरोपमा भीडको सिकार हुन लाग्दा पूर्वाञ्चलमा ७५ जना निर्दोषको ज्यान बचाउन सफल भएको दाबी प्रहरीले गर्‍यो। यी घटनाले समस्याको समाधान

हिंसात्मक तरिकाले गर्न खोज्ने प्रवृत्ति मौलाउँदै गएको देखाउँछ भने हिंसाप्रति समाजको मोह पनि बढ्दो रहेको उजागर गर्छ।

### ५.६. हिंसाको मारमा महिला तथा बालबालिका

महिला हिंसाका हृदयविदारक घटनाहरू यस वर्ष प्रशस्तै प्रकाशमा आए। दाइजो, जारी, बहुविवाह, नि:सन्तान र छोरा नजन्माएको आरोपमा महिलाहरू प्रताडित मात्रै भएनन्, कतिले त आफन्तहरूबाट नै मारिनु पर्‍यो। बलात्कार, अन्य यौनिक हिंसा तथा घरेलु हिंसाका दोषीहरूमाथि प्रहरीले केही सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाएर वा आरोपित र पीडित पक्षबीच मिलामत्र गराएर आफ्नो कर्तव्यबाट समेत चुकेको पाइयो।

*डडेलधुरा जिल्ला बेलापुर गाविस-६ की ३५ वर्षीया एक महिलाले ०६५ माघ २२ गते सोही ठाउँका भगीसिंह कार्कीले बलात्कार प्रयास गरेको आरोपमा कार्कीविरुद्ध किटानी जाहेरी दिइन्। तर, प्रहरीले सार्वजनिक अपराध अन्तर्गत मुद्दा दायर गरायो। प्रमुख जिल्ला अधिकारी पर्शुराम अर्यालको आदेशमा आरोपित १० हजार रुपियाँ धरौटी राखी रिहा भए।*

*भानु गाविस-६ रिङ्गाबोटेकी ६४ वर्षीया बिसरा सार्कीलाई ०६५ फागुन २७ गते पति कविराम सार्कीले शरीरमा आगो लगाई हत्या गरे।*

यस वर्ष पारिवारिक हिंसाका ३ सय ४९ घटना सार्वजनिक भए। यसै वर्ष घरेलु हिंसा (कसुर तथा सजाय) ऐन लागू भयो। ऐनबाट घरेलु हिंसामा कमी आउने अपेक्षा गरिएको थियो तर त्यसो भएन।

यस्ता घटनाहरू प्राय: स्थानीय प्रहरी कार्यालयले मिलापत्र गराएर छाडिदिने भएकाले पीडकले सजिलै उन्मुक्ति पाउने अवस्था कायम रह्यो। तीन वर्षकी अबोध बालिकादेखि १ सय २ वर्षकी वृद्ध महिलासमेत बलात्कारजस्तो जघन्य अपराधबाट पीडित भए। बालिकाहरू नै अझै पनि असुरक्षित रहेको तथ्यले पुष्टि गर्‍यो। यस वर्ष १ सय ६७ बालिका बलात्कृत भए। यति मात्र होइन, बालबालिका बेचबिखन र ओसारपसारका २५ ओटा घटना पनि इन्सेकले अभिलेख गर्‍यो।

## ६. निष्कर्ष तथा सुझाव

समग्र मुलुकको कार्यसूचीको पहिलो प्राथमिकता र शान्ति प्रक्रियाको महत्त्वपूर्ण अङ्ग स्वीकार गरिँदै आएको विषय आगामी ०६७ जेठ १४ गते जारी हुनुपर्ने संविधान नै हो। संविधान निर्माणपूर्व सम्पादन गरिनुपर्ने कैयौँ कार्ययोजना यस वर्ष पनि पूरा हुन सकेनन्। सङ्क्रमणकालीन न्यायका आधारमा द्वन्द्वपीडितलाई न्याय तथा परिपूरण प्रदान गर्नका लागि निर्माण हुनुपर्ने संयन्त्रहरू गठन हुन सकेनन्। जातिगत र क्षेत्रगत आधारमा अघि बढिरहेका हिंसात्मक सङ्घर्षको टुङ्गो नलागीकन तोकिएकै समयमा संविधान निर्माण गर्नु असम्भवजस्तो हुन थालेको छ।

सङ्क्रमणकालमा दृढ इच्छाशक्तिका साथ सरकारले आफ्ना कार्ययोजना पूरा गर्नुपर्ने थियो। तर, त्यस दिशातर्फ उसका कदम अघि बढ्न सकेनन्। लडाकू समायोजन, विभिन्न सहमति र सम्झौता पालना गर्नेजस्ता महत्त्वपूर्ण विषयमा सरकार अन्योलग्रस्त मात्र देखिएन, कतिपय अवस्थामा अकर्मण्य रहेको पनि पाइयो।

१२ बुँदे सहमतिदेखि अन्तरिम संविधानमा मात्र होइन, संविधानसभा निर्वाचनले समेत दलीय सहमतिलाई अप्रत्यक्ष मान्यता दिएको छ। यस तथ्यलाई आत्मसात् गरेर मात्रै नयाँ संविधान निर्माण सम्भव हुनेछ। त्यसका लागि दलहरू आफ्नो स्वार्थलाई पन्छ्याएर राष्ट्रिय हितमा केन्द्रित हुनैपर्छ।

स्वतन्त्र न्यायपालिकाको विश्वव्यापी मान्यतालाई स्वीकार गर्दै राजनीतिक र शासकीय दस्तावेजबाट मुक्त राख्ने हरसम्भव प्रयास हुनु उत्तिकै जरुरी छ।

जननिर्वाचित प्रतिनिधिहरूको संस्था व्यवस्थापिका संसद्लाई कुनै पनि बहानामा अवरोध पुर्‍याउन नहुने दृढ सङ्कल्प व्यवस्थापिकाबाटै प्रस्तुत हुनुपर्नेतर्फ सरोकारवालाको ध्यान केन्द्रित हुनुपर्छ।

**विजयराज गौतम**
कार्यकारी निर्देशक